प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



**संबिधानको रक्षार्थ सबै जुटौं**

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संबिधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग वाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन् ।
- त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१६ । । अङ्क : २३८ ॥ २०८१ असोज २४ गते बिहिबार (10thOct 2024 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-


# चाडपर्वको मुखमा उपभोग्य वस्तुको मूल्य अप्रत्यासित वृद्धि

झापा(प्रस) । चाडपर्वको मुखमा व्यवसायीहरुले उपभोग्य वस्तुको मूल्यमा अत्यधिक वृद्धि गरेका छन् ।

बिर्तामोड नगरपालिका क्षेत्रमा रहेका अधिकांश पसलमा उपभोक्ताहरुको ढाड सेक्नेगरी अत्यधिक मूल्यवृद्धि गरेको पाइएको हो ।

विपद् र चाडपर्वको मौका भन्दै व्यवसायीहरुले कालोबजारी गरिरहेपनि सरोकारवाला निकाय मूकदर्शक बनेका छन् । सरोकारवाला निकायले झारा टार्नेबाहेक केही नगरेको उपभोक्ताको गुनासो छ । चाडबाडको संघारमा अचाक्ली मूल्य



बढाइँदासमेत नियन्त्रण गर्न प्रभावकारी कदम चालिएको छैन ।चाडपर्व र प्राकृतिक विपद् भन्दा अगाडि सामान्य रहेको मूल्य हाल आएर १० देखि सय प्रतिशतभन्दा बढी मूल्यवृद्धि भएको हो । पहिला मनसुली चामल २० किलोको बोरा रु २२०० मा पाइन्थ्यो भने हाल आएर २५५० कायम भएको छ । जुनेली चामल पहिलाको मूल्य २४०० हालको मूल्य रु २५५० , जिरा मसिनो चामलको पहिलाको मूल्य रु २००० रहेकोमा हाल रु २१५० भएको छ । त्यस्तै सेलो तेल रु १९०० रहेकोमा रु २२०० र घैला तोरीको तेल रु २१४० रहेकोमा अहिले रु २४५०, त्यस्तै चिउरा प्रति २० केजीमा रु १२०० बाट बढाएर रु १५०० पुऱ्याइएको छ ।

त्यस्तै चाडपर्व नजिकिएसँगै हरियो सागसब्जीमा समेत दोब्बर मूल्यवृद्धि भएको छ । ५० देखि ७० रुपैयाँ पर्दै आएको टमाटरको भाउ अहिले बढेर रु १५० देखि १७० पर्न गएको छ । रु ७० देखि ८० पर्दै आएको प्याजको मूल्य बढेर अहिले १२० देखि १३० सम्म पर्न थालेको छ । रु १०० मा पाउँदै आएको फूलकोभी अहिले बढेर रु १५० पुगेको छ । सय रुपैयाँ प्रतिकेजी पाउँदै गरेका सब्जीहरु रु २०० भन्दा बढी मूल्य पर्न थालेका छन् । सम्बन्धित निकायले चाडपर्व नजिकिएसँगै बजार अनुगमन गरे पनि प्रभावकारी रूपले अनुगमन नगर्दा विक्रेताहरुले मनोमानी ढंगले बेच्ने गरेको पाइएको हो। अधिकांश पसलमा हुनु पर्ने मूल्यसूची नराखेको पाइएको छ ।

## ब्राउनसुगरसहित अर्जुनधाराका तुम्वापो पक्राउ





झापा , असोज २३ । प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित झापा अर्जुनधारा -४ बस्ने २० वर्षीय पुष्प तुम्वापो पक्राउ परेका छन् । हिजो साँझ ६ बजे मेचीनगर- ६ स्थित पुरानो मेची पुलमा सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टा र लागूऔषध नियन्त्रण ब्युरो काँकडभिट्टाबाट खटिएको संयुक्त टोलीले भारतबाट सिटिसफारीमा नेपालतर्फ आउँदैं गरेका तुम्वापोलाई पक्राउ गरेको हो । लुकाई छिपाई ल्याउँदैं गरेको प्लाष्टिकसहित ३ ग्राम ५२० मिलिग्राम ब्राउनसुगर उनको साथबाट फेला परेको छ । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काकरभिट्टामा राखी थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सर्वसाधारणको जिज्ञासाको चित्तबुझ्दो जवाफ आएन

बिर्तामोड(प्रस) । प्रहरीले बिर्तामोडमा आयोजना गरेको नागरिक सुनुवाई कार्यक्रममा सर्वसाधारणले उठाएका जिज्ञासाको सरोकारवालाहरुले चित्तबुझ्दो जवाफ दिन सकेनन् । सर्वसाधारणले गहन समस्याका बारेमा उठान गरेका थिए । झापा लागूऔषधको ट्रान्जिट पोइन्ट बन्दै गएको, होटलहरुमा खुल्लमखुला देहव्यापार भइरहेको , ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको , आपराधिक क्रियाकलाप बढ्दै गएको जस्ता टड्कारो समस्या उठान गरेका थिए । त्यस्तै सहभागीहरुले विद्यालयका बसहरुको अराजकता, अव्यवस्थित पार्किङ, बजार अनुगमन, निजी नम्बरका गाडीहरु भाडामा प्रयोग भइरहेको जस्ता सवाल पनि उठाएका थिए । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला , झापाका प्रहरी प्रमुख एसपी मिलन केसी , बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक गणेश पौडेललगायतले जवाफ दिएका थिए । गहन विषय उठाएपनि जवाफ बोक्रे मात्र आएको एक सहभागीले बताए ।

प्रमुख जिल्ला अधिकारी बास्तोलाले बिर्तामोडमा मोवाइल बैकिङमार्फत ठगी



गर्नेलाई कारबाही गर्न निर्देशन दिएका छन् । झापा प्रहरीलाई उनले मोवाइल मार्फत क्यूआर गर्ने नाममा भइरहेको ठगीको अनुसन्धान गरेर संलग्नलाई कारबाही गर्न निर्देशन दिए । प्रमुख प्रहरी केसीले जिल्लामा अपराधजन्य तथा अवैध गतिविधि हुन नदिने बताए । केसीले झापाको सुरक्षा व्यवस्था चुस्तदुरुस्त राख्न प्रहरीले कुनै कसुर बाँकी नराख्ने बताए । ' नागरिकको सुरक्षाका निम्ति हामी अहोरात्र खटेका छौं,' उनले भने, 'कुनै गलत गतिविधि भएको सूचना भए दिनुहोस् तत्काल कारबाही गरी कानुनी दायरामा ल्याउँछु ।' उनले चाडपर्वमा चोरीनिकासी जस्ता अवैध गतिविधि बढी हुने भन्दै नागरिकको सुरक्षा, सहजता र सुविधाका लागि एकीकृत सुरक्षा योजना बनाएको बताए । लागूऔषध नियन्त्रणका लागि प्रहरीले समुदायस्तरमा समेत काम गरिरहेको उनको भनाई थियो । अपराध न्यूनीकरणमा प्रहरी एक्लै पर्याप्त नहुने भन्दै नागरिकहरुको समेत सहयोग आवश्यक हुने उनले बताए । यस्तै, कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख संग्रौलाले लागूऔषधका कारण समाज ठुलो समस्यामा परिरहेको बताएका छन् । उनले प्रहरीले आफ्नो स्रोत साधन अनुसार काम गरिरहे पनि नियन्त्रण हुन नसकेको बताए । उनले लागूऔषध सबैको साझा समस्या भएको बताए । लागूऔषध नियन्त्रणका लागि नागरिक पनि सचेत हुनुपर्ने उनको भनाई छ । ' यो काम प्रहरीको मात्र होइन'उनले भने ,'समाज विग्रनबाट जोगाउने दायित्व सबैको हो ।' सबैले सचेत हुने र त्यस्ता व्यक्तिहरुलाई कारबाहीको दायरामा ल्याउन सहयोग गर्न आग्रह गरेका छन् ।

यस्तै, ट्राफिक व्यवस्थापनका सन्दर्भमा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख गणेश पौडेलले धारणा राखेका थिए । उनले निजी सवारी भाडामा प्रयोग गरेको विषय सूचना आएमा कारबाही गर्ने बताए । यस्तै, पार्किङका लागि अलग्गै व्यवस्थापन नभएकाले कठिनाई भएको स्वीकार गरे । यता, विद्यालयका बसहरुको विषयमा ध्यानाकर्षण भएको बताउँदै नियमन गर्ने बताएका छन् ।

सुनुवाई कार्यक्रममा पत्रकार प्रदीप परियार, पुष्प खड्का, यातायात व्यवसायी गणेश कोइराला, जनप्रतिनिधि हरि बास्कोटा, व्यवसायी युवराज निरौला, राष्ट्रिय युवा संघकी स्थायी कमिटी सदस्य नेतृ रोजिना पाण्डे, मनमोहन सामुदायिक अस्पतालका कमल भट्टराईलगायतले समस्या र सुझाव समेत राखेका थिए ।

जिल्ला प्रहरी कार्यालय झापाको आयोजना र इलाका प्रहरी कार्यालय बिर्तामोडको सहआयोजनामा भएको नागरिक सुनुवाईमा बिर्तामोडका डीएसपी प्रकाश विष्टले कार्यक्रमको औचित्यसहित स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन प्रहरी निरीक्षक विद्यासागर मेहताले गरेका थिए ।






# अस्पताल चौंकमा निर्मित प्रतिक्षालयको उद्घाटन




भद्रपुर(प्रस) । भद्रपुर- ८ स्थित मेची राजमार्गमा पर्ने प्रादेशिक अस्पताल चौंकमा निर्मित प्रतिक्षालयको उद्घाटन भएको छ ।

करिव ९ लाख रुपैयाँको लगानीमा निर्माण सम्पन्न भएको बहुकलात्मक यात्रु प्रतिक्षालयको भद्रपुर नगर प्रमुख गणेश पोखरेलले उद्घाटन गरेका हुन् ।

प्रादेशिक अस्पताल आवतजावत गर्ने यात्रुलाई लक्षित गरेर २०४१ सालमा तत्कालीन भद्रपुर जेसीजका अध्यक्ष गोविन्दचन्द छेत्रीको नेतृत्वमा निर्माण गरिएको प्रतिक्षालय जीर्ण रूपमा रहेको थियो । मेची राजमार्गको स्तर उन्नति भएपछि त्यसलाई भत्काइएको थियो ।

प्रतिक्षालय भत्किएपछि भद्रपुर ८ नम्वर वडा कार्यालयको समन्वयमा नगरपालिकाले गत वर्ष ८ लाख रकम विनियोजन गरेपछि कलाकार सञ्जय प्रधानको नेतृत्वमा बहुकलात्मक चौतारो निर्माण थालिएको थियो ।

भद्रपुर-८ का वडाध्यक्ष गौरव सुब्बा मनोजको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न उद्घाटन कार्यक्रममा नगर उपप्रमुख राधा कार्की, भद्रपुर २ का वडाध्यक्ष रामबहादुर कँडेल, प्रतिक्षालय निर्माणका पूर्व संयोजक गोविन्दचन्द छेत्रीलगायतको उपस्थिति रहेको थियो ।







# बिर्तामोड ५ अन्तरवडा फुटबलको फाइनलमा




बिर्तामोड(प्रस) । टाइब्रेकरमा वडा नम्बर ९ लाई हराउँदै वडा नम्बर ५ बिर्तामोडमा जारी अन्तरवडा फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।जितसँगै वडा नम्बर ५ ले वडा नम्बर ४ सँग उपाधिका लागि खेल्ने भएको छ ।

बिर्तामोड नगर खेलकुद विकास समितिले आयोजना गरेको प्रतियोगिताअन्तर्गत बुधवार भएको अन्तिम सेमिफाइनल खेलको निर्धारित समयमा वडा नम्बर ९ र वडा नम्बर ५ बीच १-१ गोलको बराबरी भएको थियो ।निर्धारित समयमा खेल बराबरीमा टुंगिएपछि टाइब्रेकरबाट नतिजा निकालिएको थियो । टाइब्रेकरमा वडा नम्बर ५ भाग्यमानी सावित भयो । उसले वडा ३ लाई ४-२ गोल अन्तरले हरायो ।

यसअघि खेलको ११ औं मिनेटमा वडा नम्बर ९ को लागि दिशान्त राईले गोल गर्दै अग्रता दिलाए पनि दोस्रो हाफको ६० औं मिनेटमा वडा नम्बर ५ का सुजन विकले गोल गर्दै खेल बराबरी ल्याएका थिए ।

खेलको प्लेयर अफ म्याच वडा नम्बर ५ का सुजन विक भए । उनलाई समिति उपाध्यक्ष तथा प्रतियोगिता संयोजक सन्तोष गुरुङ र प्रमुख अतिथि झापा एफसी तथा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले नगद २ हजार र ट्रफी प्रदान गरे ।

यसअघि भएको भेट्रान प्रतियोगितामा वडा नम्बर ५ ले वडा नम्बर २ लाई हरायो । ३-० गोल अन्तरले हराउँदै वडा नम्बर ५ फाइनल प्रवेश गरेको छ ।

भेट्रानको फाइनलमा यसअघि वडा नम्बर १० पुगिसकेको छ । फाइनल खेल असोज २४ गते बिहीवार हुनेछ ।

पाँचौं संस्करणको प्रतियोगिता सैनिक बजारमा रहेको महेन्द्रज्योति माविको खेल मैदानमा जारी छ ।प्रतियोगिताको विजेताले नगद एक लाख, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ भने उपविजेताले नगद ५० हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने समिति अध्यक्ष विकास गिरीले बताए ।

त्यस्तै, सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार र ट्रफी पाउँदा प्रत्येक खेलका प्लेयर अफ द म्याचले नगद दुई हजार र ट्रफी पाउने छन् ।

विधागत रुपमा उत्कृष्ट गोलकिप्पर, डिफेन्डर, मिडफिल्डर र फरवार्डले नगद पाँच हजार र ट्रफी पाउने सदस्य विशाल अग्रवालले जानकारी दिए । प्रतियोगिता सम्पन्न गर्न आठ लाख ४६ हजार रुपैयाँ लाग्ने अनुमान गरिएको समितिले जनाएको छ ।

# दसैँ अविधमा यस्तो छ मौसम



झापा(प्रस) । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले बुधवार यसपालिको दसैँ विशेष मौसम बुलेटिन सार्वजनिक गरेको छ । बुलेटिनमा कोशी, मधेस र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाएको छ ।

उक्त बुलेटिनअनुसार यस वर्ष दसैँको सप्तमी (२४ गते), अष्टमी/नवमी (२५ गते) र दशमी (२६ गते) का दिनमा कोशी प्रदेश र मधेस प्रदेशलगायत वाग्मती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाइएको छ ।

विभागले कोशी र मधेस प्रदेशका थोरै स्थानहरूमा बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहने अनुमान गरेको छ । बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने विभागले जनाएको छ । उक्त दिनहरुमा अधिकांश स्थानमा अधिकतम तथा न्यूनतम तापक्रम सरदरभन्दा थोरै घट्ने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले जानकारी दिए । उनले ठूलो पानी पर्ने सम्भावना भने नरहेको बताए ।

मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिने तीनदिने मौसम पूर्वानुमानमा यससम्बन्धी जानकारी अद्यावधिक गरिने भएकाले महाशाखाको 'वेबसाइट' हेर्न अनुरोध गरिएको छ । यस वर्षको मनसुन हिजो मंगलबारदेखि नै काठमाडौँ उपत्यकासहित कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका सम्पूर्ण भू-भागबाट बाहिरिसकेको छ । महाशाखाका अनुसार वाग्मती प्रदेशको पश्चिमी भू-भाग र मधेस प्रदेशका पश्चिमी भू-भागका थोरै स्थानहरूबाट पनि मनसुन बहिर्गमन भएको छ । हाल कोशी प्रदेशलगायत मधेस र बागमती प्रदेशको पूर्वी भू-भागमा मनसुनी वायुको प्रभाव बाँकी छ ।

नेपालमा यही असोज २० गतेदेखि मनसुन बहिर्गमन सुरु भएको थियो । यस वर्षको मनसुन गत जेठ २८ गते भित्रिएको थियो ।





विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व २०८१ को पावन अवसरमा देश बिदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

प्रोप्राइटर- रमेश नेपाल

**जय माता ट्रेडर्स**

पुरानो भद्रपुर रोड , बिर्तामोड , झापा




विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व २०८१ को पावन अवसरमा देश बिदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

सञ्चालक : प्रदिप खरेल

**प्रदिप फार्मेसी परिवार**

बिर्तामोड, झापा


# सुपारी सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि विवाद



झापा(प्रस) । भारत लैजान लागेको लसुन र सुपारी सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि विवाद भएको छ ।

बुधवार साँझ ५.१० बजेको समयमा मेचीनगर नगरपालिका वडा नम्बर ६ काँकडभिट्टास्थित मेचीडाँडामा भारत लैजाने प्रयास गर्दै गरेको लसुन र सुपारी सशस्त्र प्रहरी बल २ नम्बर गणबाट खटिएको एल.आर.पी. टोलीले नियन्त्रणमा लिएको थियो । सशस्त्र प्रहरीले लसुन र सुपारी कार्यालय लिएर गएको छ ।

घटनाबारे अनुसन्धान भइरहेको सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक महेशराज बिष्टले बताए ।


# घाँटी रेटिएको अवस्थामा महिला फेला

झापा(प्रस) । सुनसरी इटहरी- ५ की एक महिला घाँटी रेटिएको अवस्थामा फेला परेकी छन् । इटहरी- ५ शितल नगर टोलस्थित जनता कलेज दक्षिणपट्टी घर भएकी ३९ वर्षीया निलु रसाइली (रायमाझी)घाँटी रेटिएको अवस्थामा फेला मंगलवार साँझ फेला परेकी हुन् । साँझ ७.५० बजे घाँटी रेटिएको अवस्थामा फेला परेकी उनलाई उपचारका लागि विराट टिचिङ अस्पताल लगिएको



थियो । तर,अस्पताल पुर्याउनासाथ चिकित्सकले मृत घोषित गरेका छन् । उनी आफ्नै घरको कोठामा चक्कुले घाँटी रेटिएको अवस्थामा फेला परेकी थिइन् । चक्कुले घाँटी रेटेर छटपटिरहेको अवस्थामा उनकै छोरीले देखेपछि तत्काल उपचारका लागि लगिएपनि उपचार सम्भव नभएको प्रहरीले जनाएको छ । आफूले आफैँलाई घाँटी रेटेर आत्महत्या गरेको हुनसक्ने प्रारम्भिक अनुसन्धानबाट खुलेपनि प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## हल्दिवारीमा सुनचाँदी र नगद चोरी



हल्दिवारी(प्रस) । हल्दिवारी गाउँपालिका वडा न ४ को झडकन खोला उत्तरको बस्तिमा बसोबास गर्ने तारा तामाडको घरमा बुधवार बिहान सुनचाँदी र नगद चोरी भएको छ ।

अन्दाजी बिहानको ४:३० बजेको समयमा छोरी घरमा सुतिरहेको अवस्थामा घरमै छाडी मासु किन्न भनी बिर्तामोड गएको बेलामा घरमा चोरी भएको पीडित ताराले बताइन । घटनाको खबर पाउनसाथ जलथल प्रहरी चौकीबाट प्रहरी टोली ताराको घर पुगेको थियो । ताराको घरबाट १ तोला सुन, ७ तोला चाँदी , नगद १८ हजारसहित उनको स्व.श्रीमानको नाममा रहेको जग्गा धनीपुर्जा र नागरिकता र मृत्युदर्ता पनि चोरी भएको उनले बताइन् । चोरी गर्ने व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ ।


'मेरो कर्णाली मेरो समृद्धिको आधार'

**कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.**

विर्तामोड-४ झापा,

## २४औंवार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.झापाको मिति २०८१/०५/१८गते बसेको संचालक समितिको ५२०औं बैठकको निर्णय अनुसार संस्थाको २४औं वार्षिक साधारण सभा यहि मिति २०८१/०८/१४ गते सम्पन्न गर्न सहकारी ऐन२०७४, सहकारी नियमावली २०७५ को नियम १८ को उप नियम ५ 'क'तथाप्रदेश ऐन नियम बमोजिम सहकारी संस्थाको साधारण सभा निर्देशिका २०७६ (पहिलो संशोधन सहित) मा व्यवस्था भए बमोजिम निम्न ७ वटा इकाई निर्धारण गरी उक्त साधारण सभा सम्पन्न गरिने भएकोले उक्त ईकाइगत साधारण सभामा उपस्थित हुन शेयर सदस्यज्यूहरु सवैमा पत्राचार गरिने छ । पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितिका लागि अनुरोध गरिन्छ । उक्त ईकाईगत साधारण सभाबाट २४औं बार्षिक साधारण सभाको माईन्युट लेखन तथा प्रमाणीकरण प्रतिनिधि छनौट समेत गरिने भएकोले उपस्थितिका लागि पुनः हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

| क्र.स | ईकाई | ईकाईमा समेटिने कार्यालयहरु | मिति | समय |
|---|---|---|---|---|
| १ | विर्तामोड(क) | सैनिकमोड, गरामनी, लक्ष्मीपुर, बुट्टाबारी,विर्तामोड र राजगढ | २०८१/०७/२५ | ११:०० |
| २ | दमक | जुरोपानी,गौरादह, लखनपुर, क्याम्पा, दमक र नमुना | २०८१/०७/२६ | ११:०० |
| ३ | उर्लावारी | दाम्राभिट्टा,मो.सोमबारे,मो.मंगलवारे,मधुमल्ला,बेलवारी,पथरी र उर्लावारी | २०८१/०७/२८ | ११:०० |
| ४ | सुरुङ्गा | झिलझिले,शिवगन्ज,बैगुनधुरा,शरणामति, र सुरुङ्गा | २०८१/०७/२९ | ११:०० |
| ५ | विर्तामोड (ख) | खुदुनावारी, शनिश्चरे, महानन्द चोक, कृषिथोक र विर्तामोड | २०८१/०७/३० | ११:०० |
| ६ | चारआली | धुलावारी, इटाभट्टा, भृकुटी, बुधवारे, हर्कटे, फिक्कलर चारआली | २०८१/०८/०४ | ११:०० |
| ७ | भद्रपुर | पथरिया,बनियानी,झा.सोमबारे,झा.मंगलवारे,गोलधाप र भद्रपुर | २०८१/०८/०६ | ११:०० |

**नोटः ईकाई साधारण सभा सम्पन्न हुने स्थान पत्रमार्फत जानकारी हुने छ , सदस्य सहजताका लागि आ-आफ्नो सेवाकेन्द्र प्रमुखमार्फत समेत जानकारी प्राप्त गर्न सकिने छ ।**

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-४ झापा,






विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व २०८१ को पावन अवसरमा देश बिदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

अध्यक्ष्य : निर्मल भट्टराई

**नेपाल अलैंची व्यवसायी महासंघ केन्द्रीय समिति परिवार**

बिर्तामोड, झापा




विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व २०८१ को पावन अवसरमा देश बिदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

सञ्चालक : विजय चापागाँई

**विजय रिकन्डिसन हाउस परिवार**

बिर्तामोड, झापा




विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व २०८१ को पावन अवसरमा देश बिदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

सञ्चालक :

**स्टार टी इण्डष्ट्रिज परिवार**

भद्रपुर- ६ झापा




विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व २०८१ को पावन अवसरमा देश बिदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

प्रबन्ध निर्देशक : आदित्य पराजुली

**पराजुली एण्ड ब्रदर्श ग्यास उद्योग परिवार**

भद्रपुर , झापा

## सम्पादकीय

# आज फूलपाती

प्रत्येक वर्ष दुर्गा पक्षअन्तर्गत आश्विन शुक्ल सप्तमीका दिनमा मनाइने फूलपाती पर्व आज घरघरमा शास्त्रीय विधिअनुसार शुभ साइतको प्रतीक फूलपाती भित्र्याएर मनाइँदैछ ।

घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजा आजा गरिएको दसैँ घर अथवा पूजा कोठामा शुभ साइतको प्रतीकका रूपमा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल र मानवृक्ष भित्र्याउने गरिन्छ ।

नवपत्रिकाको नामले चिनिने फूलपाती नववटी देवीको प्रतीकका रूपमा भित्र्याई शास्त्रीय विधिअनुसार शक्तिको आराधनाका साथ पूजा गर्ने वैदिक विधि रहेको छ ।

आजको दिन केरा, हलेदो, धान, अशोक, बेलपत्र, दारिम, धानको बाला, केराको बोट, जयन्ती र उखुलगायतका लहरा पात अनि विभिन्न प्रकारका फूलपाती मिश्रित 'फूलपाती' भित्र्याइन्छ । यस दिन कालरात्रि देवीका साथसाथै विद्या तथा सङ्गीतकी देवी सरस्वती माताको पनि पूजा गरिन्छ । आजको यस विशेष सातौँ दिन दुर्गाको सातौँ स्वरूप कालरात्रिको विधि विधान अनुसार अनुष्ठान गरेर गणेशको रूपमा स्थापना गरिएको कलशको छेउमा नौ वटा स–साना ढुङ्गाहरूलाई नवदेवीका प्रतिमाका रूपमा स्थापित गरी नैवेद्य, फलफूल आदि चढाएर पूजा गर्ने गरिन्छ ।

कालरात्रि स्तुति मन्त्र ॥

या देवी सर्वभूतेषु माँ कालरात्री रूपेण संस्थिता
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः॥

अर्थात्

कालरात्रि देवीकी रूपमा सर्वत्र विराजमान माता अम्बे !
म तपाईँलाई कोटी–कोटी प्रणाम गर्दछु, मलाई शक्ति दिनुहोस् ॥

नेपाल एकीकरणपश्चात् नै गोर्खाबाट उठाइएको फूलपाती देशका विभिन्न ठाउँहरूमा रहेका महत्त्वपूर्ण शक्ति पीठहरूमा पुऱ्याउने चलन थियो । नेपाल एकीकरणदेखि नै एकता र सांस्कृतिक प्रतीक गोर्खा जिल्लासँग नेपालीको पहिचान जोडिएको छ । तसर्थ, गोरखाको फूलपाती विशेष हुने गर्दछ । काठमाडौँको हनुमान ढोकाको तलेजु भवानीको मन्दिरमा रहेको दसैँ घरमा पनि गोर्खाबाटै ल्याइएको फूलपाती धादिङ जिल्लाको जीवनपुर हुँदै भित्र्याउने चलन थियो ।

लोकतन्त्र आगमनपछि यो ऐतिहासिक चलनलाई निरन्तरता नदिए पनि थोरै फूलपाती भए पनि मोटरसाइकलमा काठमाडौँसम्म ल्याइने गरिएको स्थानीय बताउँछन् । गोरखा दरबारमा अवस्थित गोरखकाली मन्दिरमा जब आधा घाम अस्ताएको र आधा घाम देखिने समय हुन्छ तब मात्र फूलपाती भित्राउने चलन छ ।फूलपातीको अघिल्लो दिन नै गोरखकाली दरबारका कर्मचारीहरू सदरमुकाम र अन्य आसपासका जङ्गल र गाउँबाट फूलपाती सङ्कलन गर्न निस्किन्छन् । यसरी सङ्कलन गरी ल्याइएको फूलपाती अघिल्लो दिन नै साँझमा गोरखकाली मन्दिरबाट अलि तल सती पिपल भन्ने पीपल चौतारीमा राख्ने चलन छ ।

उक्त फूलपातीलाई विशेष मौलिक सिँगार पटार गरेर अर्को चौतारीमा ती फूलपातीलाई पर्सिने चलन छ । दरबारबाट आएका विशेष टोलीहरूले बाजागाजा अनि हर्ष बढाई गर्दै कलश यात्रा गरेर फूलपाती दरबार भित्र्याउने चलन छ ।

यस्तो शोभा यात्रामा प्रमुख जिल्ला अधिकारी लगायतका जिल्लाका मुख्य प्रशासनिक क्षेत्रका प्रमुख अनि सुरक्षा निकायका प्रमुखहरू उपस्थित हुने चलन छ । यसरी गोर्खामा भेला पारिएको फूलपाती काठमाडौँ ल्याएपछि नेपाली सेनाको एक टुकडीले टुँडिखेलमा तोपको सलामी दिने चलन छ । हनुमानढोका दरबारको दशैँघरमा गोरखा जिल्लाबाट ल्याइएको फूलपाती भित्र्याउने परम्परा छ । गोरखाबाट धादिङ जिल्लाको जीवनपुरसम्म दशैँघरका पूजारीसहित मगर जातिका छ जनाले ल्याउने र धादिङ जिल्लाको जीवनपुरबाट काठमाडौँको जमलसम्म काठमाडौँबाट गएका ब्राह्मण जातिका छ जनाले ल्याउने परम्परा रहिआएको छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रतिकूलताबिचको दसैँ



• डा. खगेन्द्र राई (साम्पाङ)



नेपाल बहुजाति, बहुधर्म, बहुभाषा, बहुसंस्कार-संस्कृति भएको मुलुक हो । यहाँ जातीय संस्कृति अनुसार वर्षैभरि विभिन्न चाडपर्व (दसैँ, तिहार, छठ उँधौली, उँभौली, रमजान, क्रिसमस, बुद्ध जयन्ती) मनाइन्छ । यही भएर हाम्रो देश अनेक जाति, धर्म, भाषा, धर्म, संस्कार-संस्कृतिबिच सामाजिक सहिष्णुतामा बाँधिएको रङ्गीन फूलबारी जस्तै मान्न सकिन्छ । जातीय विविधता भए पनि सबैले सबैको संस्कार-संस्कृति तथा मूल्यमान्यताको सम्मानका साथ आदर सत्कार गर्छन् ।

अहिले दसैँ सबैको घरआँगनमै आइपुगेको छ । यसपछि तिहार र छठ पर्व आउँछ । खास गरी हिन्दुहरूको महान चाड बडादसैँमा किनमेलको घुइँचोले बजार ढाकेको देखिन्छ। धेरै जसो स्कुल कलेजहरूले धेरै दिन नै दसैँ बिदा दिन्छन् । बालबालिकादेखि वृद्धवृद्धासम्म नै यो पर्वमा रमाउने हुनाले घरको रौनक नै फेरिएको पाइन्छ । दसैँ सकिनासाथ रमाइलो चाड तिहारलाई स्वागत गर्नु पर्ने, त्यसलगत्तै छठ पर्वले चाडपर्वको खुसियालीको अवधि निकै लामो हुने गर्छ । चाडपर्वमा खुसी हुने, मिठोमसिनो खाने, लिङ्गेपिङ, रोटेपिङलगायत खेल खेलिन्छ । यी खेलले चाडको रौनकता नै बढाउँछ । यो समय रमाउने समय पनि हो । यसै गरी परदेश गएका आफन्तसमेतको घर आगमनले परिवारमा झनै खुसीको उमङ्ग छाउँछ । यसले चाडको महत्व केकति छ भनेर सबैमा अनुभूति हुन्छ । दसैँमा मान्यजनबाट टीकाजमरा लगाएर आशीर्वाद लिने सुखद अवर पनि हो । यसरी यो चाड हिन्दुहरूको भनिए पनि सबै नेपालीले साझा चाडको रूपमा धेरै पहिलेदेखि मनाउँदै आएको पाइन्छ ।

दसैँ कहिलेदेखि कसरी र किन सुरु भयो भन्ने प्रश्नको तथ्यगत प्रमाण नपाइए पनि यसबारे धार्मिक विश्वास र आस्थामा आधारित आध्यात्मिक वर्णनहरू पाउन सकिन्छ । असत्यमाथि सत्यको विजय भएपछि यो चाड मनाउन थालिएको भनिन्छ । अनुसन्धान गरेर दसैँका सम्बन्धमा लेखेका प्राचीन लेखहरू नगण्य मात्र भेटिन्छ । साहित्यकार तथा भाषाविद् बालकृष्ण पोखेलले 'पाँच सय वर्ष' नामक पुस्तकमा, 'ई मेरा भाई गर्भराज राईपट्टि वसि मतो गर्न जान्छु' भनी विन्ति गर्दा
'लौ' भनी राजाको हुकुम भयो । ...तव दाजुको वचन सुनी गर्भराज राईभट्ट विन्ति गर्छन्, "हे दाजु, बाबा महतारिकन मैले जानिन...।" ...नरजित राई राजा भन्छन्, "नरेन्द्र साहेवलाई समुद्र गढिमा रजाई थापनाले, हे वसुदेव भट्टराई षत्री, आजदेषि तिम्रो षत्री पद भयो पद रह्यो । ...छिप्कानदीको श्राप लागोस् ।" "...नरीन्द्र राई राजाका दरबारमा जेठो दसै वसुदेव थापाका सन्तानले गराउनु, तसलाई नषोस्नु । अघिबाट निज दसैको पूजा नरीन्द्र राजाका सन्तानको गर्नु, पछिबाट वसुदेव थापाका सन्तानले गर्नु । गर्भ राई भट्टलाई दसैमा सम्पूर्ण दछिना दिनु । ओढन धोति दिनु । १ वोका दसैँको नेग दिनु । यति वन्दवस्त गरि नरीन्द्र राजा समुद्र गढिमा रजाई गरि रह्याका १३ वर्षमा तन्का वावा रणजित राई राजा स्वर्गे भया" भन्ने वर्णन उल्लेख गरेको पाइन्छ । सम्भवतः यो नै दसैँका बारेमा उल्लेख भएको पुरानो वर्णन हुन सक्छ । यस वर्णनमा पाइएका भाषाहरूको आधारबाट यो नेपाल एकीकरणपूर्वकै हो कि भन्ने अनुमान गर्न सकिन्छ ।

यसरी दसैँ धेरै पहिलेदेखि मनाउन थालिएको अनुमान लगाउन सकिन्छ ।

यस वर्षको दसैँ, तिहार, छठ जस्ता चाडहरू आउँदा पनि कतिपयको घर उज्यालो हुन सकेको छैन । उनीहरूका लागि सर्वत्र अन्धकार जस्तै छ । गत असोज दोस्रो हप्ता परेको अवीरल वर्षाले देशका केही भागमा बाढीपहिरो आयो । यस बाढीपहिरोमा कसैले परिवारका सदस्य गुमाए, कसैले घरबार र व्यवसाय नै गुमाउन पुगे । दुई/तीन सय जनाको त मृत्यु नै भयो । कतिका घर बगायो, कतिका खेतीयोग्य जमिन बागायो, कतिका व्यवसाय नै बगायो । बाढीपहिरोमा पर्नेहरूको यति खेर बेहाल छ । कतिपय व्यक्ति त बाढीपहिरोमा अझै बेपत्ता छन् । धेरै मानिस घरबारविहीन बनेका छन् । यस्तो दुःखदायी अवस्थामा आएको दसैँतिहार जस्ता चाडपर्वको के अर्थ ? व्यक्ति, परिवार मात्र नभएर देश नै अहिले रोएको अवस्था छ । यसैमाथि महँगीले आकास छोएको छ । युवाजति विदेशमा छन् । स्वदेशमा रोजगारी छैन । मानिसको गोजी रित्तो छ । आन्तरिक आम्दानी तथा उत्पादन केही छैन । किनेरै जीवन निर्वाह गर्नुपर्ने परिवारको सङ्ख्या अधिक मात्रामा छ।। यस्तो अभाव र विपत्को समयमा आएको चाडपर्वले खुसीभन्दा पनि झनै पीडामाथि पीडा दिन्छन् ।

विपत् परेको बेला उद्धार गर्ने योजना पनि देखिँदैन । यस्तो दुःख र सङ्कटको बेला नागरिकलाई राहतको मलमपट्टि गर्न सक्ने क्षमता सरकारी संयन्त्रमा कहिले बन्ला ? जे जति समस्या आउँछ ती सबैमा विदेशी सहयोगकै भर पर्नु पर्ने अवस्था छ । यस कारण विपत् परेको बेला उद्धार, राहत र पुनर्स्थापनाका लागि स्थायी योजना बनाएर राख्नु पर्छ । उद्योगधन्दा खोलेर आत्मनिर्भर हुने बाटो खोल्नु पर्छ । नत्र भने वर्षैपिच्छे आउने यस्ता विपत्तिमा जनताले धनजन गुमाएर दुःख र पीडा भोग्नु पर्ने छ । गरिबी निवारणका लागि युवाशक्तिलाई देशभित्रै रोजगारी दिन सक्नु पर्छ ।

नेपालीले कहिलेसम्म गरिबी, अभाव र प्राकृतिक विपत्तिमा आँसु बगाएर बाँच्ने ? अतः अब त सरकारमा रहेका र नरहेका राजनीतिक दलका नेताहरूमा भाषणलाई छाडेर नयाँ र दीर्घकालीन तथा दूरदर्शी काम गर्ने विचारको आँखा खुल्नु पर्छ । विकास निर्माणको काम गर्दा विशेपज्ञको गहन अध्ययन अनुसन्धानपछि मात्र काम अगाडि बढाउनु पर्छ, जसले गर्दा प्राकृतिक विपत्तिमा कमभन्दा कम क्षति होस् । सधैँ विदेशी सहयोग र ऋणको भरमा देश चलाउने सोच बन्द गर्न सक्नु पर्छ । देशकै स्रोतसाधन परिचालन गर्ने योजना ल्याउनु पर्छ ।

युवा जनशक्तिलाई स्वदेशमै रोजगार दिएर देशलाई आत्मा निर्भरतातिर लैजानु पर्छ, जसले गर्दा विपत् परेको बेला बाहिरी मुलुकसँग सहयोगका लागि हात फैलाउन नपरोस् । देशमा दलका नेताहरूले जतिसुकै समाजवादको भाषण ठोके पनि आखिर देश त पुँजीवादमै चलेको कुरा त प्रस्ट छ । किनभने यहाँ भात पकाउने चामल मात्र नभएर दाल तरकारी, नुन, तेल, मसलासमेत विदेशमै निर्भर रहनु पर्ने भएको छ । अनि समृद्धि कहाँबाट आउँछ ? यही भएर जबसम्म हामी पुँजीवादलाई छाडेर समाजवादलाई वास्तवमै अँगालेर जान सक्दैनौँ तबसम्म हामीले अझै ठुला र दीर्घकालीन समस्याको सामना गर्दै जानु पर्ने निश्चित छ । अहिलेलाई जे भयो भयो । दैवकै नियती भनेर चित्त बुझाउनुको विकल्प छैन । यस वर्षको अभाव र विपत्को दसैँलगायत चाडपर्व जे जस्तो सकिन्छ त्यही रूपमा मनाउँ । दुःखी नबनौँ । विपत्को आँसु पुछेर भए पनि हाँस्न कोसिस गरौँ ।

# आर्थिक सामाजिक रूपान्तरणको मार्ग



• गोपीनाथ मैनाली

आर्थिक सामाजिक रूपान्तरणका लागि मुलुकले लामो समयदेखि प्रतीक्षा गर्दै आएको छ । राजनीतिक तहमा आधारभूत परिवर्तन भएपछि आर्थिक सामाजिक रूपान्तरण होला भन्ने आमअपेक्षा क्षितिज जस्तै धकेलिँदै गएको छ । राजनीतिक नेतृत्वले समृद्धिको साझा सपनामा अग्रसरता देखाउन सकेको छैन । ससाना राजनीतिक-आर्थिक र साम्प्रदायिक स्वार्थमा समाज विभाजित बन्दै गएको छ । आन्तरिक स्रोत तथा क्षमतालाई कम आँक्ने र बाहिरको राम्रो देख्ने, आफू नगर्ने तर अरूले गरोस् भन्ने, अरूको गल्ती देख्ने तर आफू अनपेक्षित कार्य गरिरहने प्रवृत्तिले मुलुकमा विकास र समृद्धि कहिले हासिल हुने हो भन्न सकिने अवस्था छैन ।

पन्ध्रौँ योजनामा 'समृद्ध नेपाल सुखी नेपाली' को दीर्घकालीन विकास लक्ष्य स्थापना गरिएको थियो । रूपान्तरणकारी आयोजनालाई वृद्धिको फड्को मार्ने रूपान्तरणकर्ताका रूपमा महत्वसाथ घोषणा गरियो तर मूल कुरा शिक्षा विकासको जगमा उभिएको नैतिक र कर्तव्यमुखी समाज निर्माण नभए रूपान्तरण प्राप्त गर्न सकिँदैन भन्ने भुलियो । आधार तथ्याङ्क र अहिलेसम्मका उपलब्धिले सकारात्मक परिवर्तन नदेला र उल्टो निराशा हात लाग्ला भन्ने देखिएको छ । जवाफदेहिताको केन्द्र बन्नुपर्ने स्थानीय सरकार केन्द्रकै राजनीतिको छायामा गाढा बन्दै छन् । समन्वय, विकास र सम्बन्धका सूत्र बन्नुपर्ने प्रदेश सरकार राजनीतिक कार्यकर्ताको व्यवस्थापन केन्द्र बन्दै छन् । जनतामा सेवाभन्दा शासनको भार थपिएको छ । यसले संघीयतालाई समृद्धिको रणनीति, जनतासँगको सरकार र शीघ्र सेवा व्यवस्थापनको विधि भन्न सकिने अवस्था नरहलाकी भन्ने देखिएको छ ।

कुनै पनि विकासशील मुलुक आर्थिक सामाजिक प्रगतिको गतिलाई तीव्र पार्न चाहन्छ । नेपालको रूपान्तरण प्रक्रिया निकै सुस्त र जनअपेक्षा अनुरूप नभएको कुरा विकासका सूचक र जनभावनाले बताइरहेको छ तर लामो समयदेखि प्रतीक्षा गरिएको तर पूरा नभएको जनभावना, थाती रहेको कार्यसूची, राजनीतिक परिवर्तनको अभीष्ट पूरा गर्न र गुमेको अवसरको प्रायश्चित र क्षतिपूर्ति गर्न रूपान्तरणको कार्यसूची आवश्यक छ । साथै एसियाली आर्थिक प्रगति रूपान्तरण प्रक्रियाको प्रभाव पनि नेपालमा पर्दै छ । युवा आकांक्षा र आक्रोशलाई सम्बोधन गर्नु पनि त्यत्तिकै आवश्यक छ । साथै रूपान्तरणमा जबर्जस्त अगाडि बढ्न नसके नेपाल उदीयमान छिमेकीहरूको प्रगतिको सेपमा पर्ने सम्भावना पनि छ । भर्जिन प्राकृतिक स्रोत र अभावको पीडाले पनि सरकारहरू सिर्जनात्मक तनावमा छन् । त्यसैले समृद्धि र रूपान्तरणको विकल्प छैन ।

विक्रमको अर्को शताब्दीमा प्रवेश गर्दा मुलुकलाई समृद्ध बनाउने र मुलुकवासीलाई सुखी बनाउने दीर्घकालीन लक्ष्य साथ पन्ध्रौँ योजनामा घोषणा गरिएका रूपान्तरणकारी आयोजनालाई समृद्धिको उत्प्रेरक (ग्रोथ ट्रेजेक्टोरी) मानिएको थियो । योजना अवधिमा आधार वर्षमा रहेको करिब सात प्रतिशतको आर्थिक वृद्धिलाई १०.३ प्रतिशतमा र प्रतिव्यक्ति सरदर राष्ट्रिय आय १,०४७ अमेरिकी डलरबाट १,५९५ मा पुऱ्याउने र अर्थतन्त्रका प्रतिफलमा समन्यायिक वितरणको सुनिश्चित गरी गरिबी र असमानतालाई उल्लेख्य रूपमा घटाउने चुनौती पनि योजनामा थियो । सीमान्त पुँजी उत्पादन अनुपातलाई ५.२:१ बाट ४.९:१ को स्थितिमा पुऱ्याउने काम पनि चुनौतीपूर्ण थियो । अर्थतन्त्रका प्रमुख भूमिका निर्वाहकर्ता निजी क्षेत्र र सहकारीलाई राष्ट्रिय नीति प्राथमिकतामा आक्रामक बनाउन जरुरी थियो तर यी काम निकै चुनौतीपूर्ण महत्वाकांक्षी थिए । परिणामतः उपलब्धि लक्ष्यभन्दा निकै टाढा देखियो ।

योजनाले लक्ष्य गरे अनुरूप रूपान्तरणकारी योजना कार्यान्वयनमा आएनन् । आर्थिक वृद्धि सारै न्यून रह्यो । सोऱ्हौँ योजनाले पनि यसलाई महत्व दिई प्रत्येक क्षेत्रलाई रूपान्तरणकारी रणनीति घोषणा गरेको छ । चालु वर्षको बजेटले कृषि, शिक्षा, विद्युत्, सूचना प्रविधि र उद्योगलाई रूपान्तरणकारी क्षेत्र मानेको छ तर कार्यक्रम, नीति र विनियोजनले रूपान्तरणकारी कार्यलाई समर्थन गरेको छैन । जे जस्ता आयोजना घोषणा गरिए पनि शिक्षा रूपान्तरणको वास्तविक आधार हो । शिक्षालाई विकासको पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । कुनै पनि समाजलाई सभ्य, सुसंस्कृत, सदाचारी र कर्तव्यनिष्ठ बनाउन शिक्षाले कारकको भूमिका खेल्छ । शिक्षा चेतना, ज्ञान, सिप र संस्कार विकासमार्फत समाजलाई परिमार्जन, परिस्कार गर्ने आधार हो । आर्थिक विकासको प्रारम्भिक चरण कृषि उत्पादकत्व वृद्धि गर्न, कृषिबाट उद्योगमा रूपान्तरित हुन, उद्योगबाट सेवामा र सेवाबाट ज्ञानमा जाने चरणहरूलाई शिक्षाले नै ऊर्जाको काम गर्छ । अर्थतन्त्रलाई एक क्षेत्रबाट अर्को क्षेत्रमा चलायमान गराउन सोच र सिप चाहिन्छ, जुन शिक्षाका परिणति हुन् ।

व्यक्तिमा अन्तरनिहित, गुण, क्षमता र प्रतिभाको प्रस्फुटन गर्दै शारीरिक, मानसिक, आत्मिक, सामाजिक, संवेगात्मक तथा बौद्धिक विकास गरी व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने काम शिक्षाले गर्छ । यसले व्यक्तिमा राष्ट्र र राष्ट्रियताप्रति निष्ठा, मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डताप्रति प्रतिबद्धता, समानता, समावेशी र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण, लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यता, आफ्नो नागरिक अधिकार र कर्तव्यप्रति सजगता अभिवृद्धि गर्छ । साथै व्यक्तिमा असल चरित्र, नैतिकता, स्वअनुशासन, निष्पक्षता, सकारात्मक सोच, समानुभूति, सदाचारिता, अत्मसंयम, धैर्यता, लगनशीलता, उत्तरदायित्वबोध, सेवाभाव, विश्वबन्धुत्वको भावना, स्वस्थ जीवन र रहनसहनप्रति प्रतिबद्धता जास्ता गुणहरू विकास गर्छ । यस अर्थमा शिक्षा सामाजिक रूपान्तरण र आर्थिक समृद्धिको भुल्नै नसकिने आयाम हो । रूपान्तरणको अर्को आशय शासनलाई सेवामा बदल्नु हो । सरकारलाई जनताका नजिक पुऱ्याइ विकास र समृद्धि छिटो संस्थागत गर्न नै संघीयतालाई अवलम्बन गरिएको हो । जनताले संघीयताको अर्थ आफ्ना सबै प्रकारका समस्या पूरा हुने विधि भनेर बुझेका छन् । यसैका लागि राज्यलाई शासकीय तहहरूमा पुनर्संरचना गरिएको हो । पुनर्संरचित तहहरूले आफूलाई निरोपित कार्यभूमिका पूरा गर्न इमानदार सक्रियता देखाउनु पर्छ । अपार उत्साहसाथ संघीयता कार्यान्वयन भए पनि जनताको विश्वास जित्न सरकारका तह असफल छन् । धेरै सेवा गर्न स्थापित संघीय संरचना धेरै शासनमा रूपान्तरित भएका छन् । शासकीयक तहहरू सेवा जवाफदेहिताका केन्द्र बन्नु पर्छ । शासनलाई सेवामा बदल्न राज्यका तहमा आफ्नो कार्यजिम्मेवारीप्रति क्रियाशील रहने, एक तहको कार्यमा अर्कोले सहयोग गर्ने, तहगत सरकारहरू नियन्त्रण र सन्तुलनमा रहने, संघले तर्जुमा गर्नुपर्ने साझा कानुनहरू तत्काल बनाउने, संघले उपराष्ट्रिय तहका सरकारको क्षमता विकास गर्ने र संघीय तहले उदाहरणीय कार्य देखाउन आवश्यक छ । औचित्यमा प्रश्न उठाइएको प्रदेश तहले समन्वय र सहजीकरण अनि विकासको प्रदेशकरण गर्ने काम बाँकी छ । स्थानीय तह जनताका दैनिकीसँग संवेदनशील रही विकासको स्थानीयकरणमा सतत रहनु पर्छ तर तीनै तहका सरकारले अनावश्यक वाचा र राजनीतिक खपतका कार्यबाट पृथक रहनु पर्छ । तहगत सरकारद्वारा सम्पादित कामको नागरिक विवेचनामा रहनु पर्छ ।

रूपान्तरण र समृद्धिको कार्यमूलक संस्था निजामती प्रशासन हो । निजामती सेवा सरकार र शासनको संस्थागत मियो हो । यसको क्षमता र अभिप्रेरणामा नै सरकारको साख, राज्यको वैधता र नागरिक विश्वास सिर्जना हुन्छ । जापान, सिङ्गापुर जस्ता मुलुकहरू दह्रिलो प्रशासनिक संयन्त्रका कारण आजको अवस्थामा पुगेका हुन् भने अमेरिका, बेलायत, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, फ्रान्सको राज्य प्रणालीलाई संस्थागत गराउन त्यहाँको निजामती प्रशासनले खेलेको भूमिका अतुलनीय छ । नेपाललगायतका मुलुकमा यो संस्थागत हुने सकेन । प्रशासन अकमर्ण्य भएको, क्षमता गुमाउँदै गएको, आर्जित क्षमताको उपयोग नगरेको र सेवाग्राहीसँग सकारात्मक र विनम्र नरहेको आरोप लाग्दै आएको छ । आजाभोलि त प्रशासन अस्तित्वको सङ्कटमा पुगेको छ । परिणामतः आर्थिक सामाजिक रूपान्तरणको संस्था निजामती सेवा बन्न सकेन । यो व्यावसायिक संस्था रूपान्तरणको वास्तविक पात्र बन्न काममार्फत नै यो क्रियाशील हुनु पर्छ । गिर्दो प्रशासनिक व्यावसायिकता, गिर्दो सदाचार, आरोपित प्रशाकीय नेतृत्वको आफ्नै रूपान्तरण हुनु पर्छ । यसले प्रशासनको मनोबल पनि उठ्छ र स्वचालित उत्साहमा पुग्छ । यसर्थ आर्थिक सामाजिक रूपान्तरण औपचारिक प्रक्रिया मात्र नभई कठोर अनुशासन र लगातारको निष्ठाको विषय पनि हो । मनमा राष्ट्र र मुटुमा जनता र मस्तिष्कमा असल विचार राखेर सेवानिष्ठामा समर्पित भएपछि मात्र रूपान्तरण सहज हुन्छ ।

# खुम्बु क्षेत्र पर्यटकले खचाखच



झापा(प्रस) ।विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण तथा खुम्बु क्षेत्रको पदयात्रामा आएका पर्यटकले यो मनमोहक स्थान भरिभराउ भएको छ । लुक्ला विमानस्थलमा एकैदिन दुई सय उडान भएका छन् ।
नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाका प्रमुख उमेश पन्थीका अनुसार रामेछापको मन्थली र काठमाडौँबाट एक सय ९८ वटा उडान भएका हुन् । हवाईजहाजले ६१ र हेलिकप्टरले एक सय ३९ उडान भरेका छन् । उक्त दिन एक हजार पाँच सय ३९ जना पर्यटक खुम्बु भित्रिएका छन् ।

हवाईजहाजबाट एक सय ६७ स्वदेशी र छ सय ६७ जना विदेशी गरी आठ सय ४ तथा हेलिकप्टरबाट छ सय ९५ पर्यटक लुक्ला ओर्लिएका उनले बताए । पर्यटक आगमनको याम सुरु भएकाले उडान संख्या अझै बढ्ने उनको भनाई छ । यद्यपि पर्यटक लिएर काठमाडौँ र रामेछापको मन्थलीबाट आएका विमान प्रायः रित्तै फर्कने गरेका छन् । लुक्ला आउने पर्यटकको चाप हुने भएकाले फर्कनेको संख्या न्यून हुने गरेको तारा एयरलाइन्सका अमृत मगरले बताए ।
पदयात्राको याम सुरु भएसँगै पर्यटन व्यवसायीसमेत उत्साहित बनेको नाम्चेका व्यवसायी लामाकाजी शेर्पाले बताए । उनले भने, "अहिले हामीलाई पाहुनाको सत्कारमा भ्याइनभ्याइ छ ।"
पर्यटन मार्गमा पर्ने लुक्ला, जोरसल्ले, फाक्दिङ, नाम्चे, खुम्जुङ, तेङ्बोचेलगायत ठाउँका होटल व्यवसायी पर्यटकको स्वागत सत्कारमा व्यस्त छन् । त्यस क्षेत्रका बाटो, चौतारा तथा होटल, लज पर्यटकले नै भरिभराउ छन् । सगरमाथा क्षेत्रमा प्रवेश गर्ने पर्यटकको जोरसल्ले प्रवेशद्वारमा अनिवार्य दर्ता गर्ने व्यवस्था रहेको सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चेका सूचना अधिकारी मनोजकुमार मण्डलले बताए ।

२०३२ मा स्थापना भएको सगरमाथा राष्ट्रिय निकुञ्ज एक हजार एक सय ४८ वर्गकिमी क्षेत्रफलमा फैलिएको छ । निकुञ्जभित्रको गोक्यो ताललाई सन् २००७ मा रामसार सूचीमा समावेश गरिएको सूचना अधिकारी मण्डलले जानकारी दिए । सन् १९७९ देखि निकुञ्जलाई विश्व सम्पदा सूचीमा समावेश गरिएको हो । निकुञ्जमा कस्तुरी मृग, थार, घोरल, लङ्गुर बाँदर, मोनाल, हाँइटे, हर्न लार्क, टिबेटन स्नो कक, चुग पाइन्छन् । निकुञ्ज क्षेत्रभित्र बसोबास गर्ने मानिसको संख्या तीन हजारभन्दा बढी रहेको संरक्षण अधिकृत मण्डलले बताए।

# दसैंमा बैंकहरूले आफू अनुकूल निर्णय गर्न सक्ने

झापा(प्रस) ।दसैं बिदाको समयमा बैंकको शाखा खुला गर्ने कि नगर्ने भन्ने निर्णय गर्न बैंकहरु स्वतन्त्र भएका छन् । बैंक तथा वित्तीय संस्थाको नियामक निकाय नेपाल राष्ट्र बैंक र बैंकर्सहरुको छाता संस्था नेपाल बैंकर्स एसोसिएसनले यसबारे कुनै निर्णय नगरेका कारण बैंकहरू यसमा स्वतन्त्र भएका हुन् । खुला गर्नैपर्ने व्यवस्था थियो । दसैंका लागि यो व्यवस्था समेत निलम्बन गरिएको छ । मंगलबार जारी गर्दै राष्ट्र बैंकले यो त्रैमासका हकमा यो व्यवस्था लागु नहुने जनाएको हो । सूचनामा असोज २९ र ३० गते नियमित रूपमै बैंक खुल्ने भएकोले त्योभन्दा अगाडिका तीन दिन काउन्टर खुला गर्नु नपर्ने उल्लेख गरिएको छ । कारोबार पनि बढेको छ, शाखा खोलेरै सेवा दिनुपर्छ भन्ने पनि छैन ।'
उता, नेपाल बैंकर्स संघले समेत यसबारे कुनै निर्णय गरेको छैन । नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले बैंकहरुको शाखा खुलाउने सम्बन्धमा संघले कुनै निर्णय नगरेको जानकारी दिए ।




बिहीबारदेखि दसैं बिदा सुरु हुँदैछ । फूलपातीदेखि द्वादशीसम्म पाँच दिन सार्वजनिक बिदा दिनेगरी स्वीकृत भएको क्यालेन्डर अनुसार अब कम्तीमा पनि पाँच दिन सरकारी कार्यालयहरू खुल्ने छैनन् । राष्ट्र बैंकले समेत बैंक तथा वित्तीय संस्थालाई उक्त अवधिभर बिदा दिनेगरी क्यालेन्डर बनाएको छ । यो अवधिमा बैंकका शाखा खोल्न बाध्य नपार्ने नीति राष्ट्र लिएको हो ।
यसअघि प्रत्येक त्रैमासको २५ गतेदेखि ३० गतेसम्म सबै राजश्व काउन्टरहरू राष्ट्र बैंकका सह-प्रवक्ता डिल्लीराम पोखेल सार्वजनिक बिदा दिनेगरी क्यालेन्डर स्वीकृत गरेकोले यो समयमा बैंकहरुलाई शाखा खोल्न केन्द्रीय बैंकले बाध्य नपारेको बताउँछन् ।

'आफ्ना ग्राहकलाई कसरी सेवा दिने भन्ने उहाँहरूले निर्णय गर्ने कुरा हो । सार्वजनिक बिदाको समयमा बैंकहरुलाई शाखा जसरी पनि खोल भन्नु उपयुक्त हुँदैन । उहाँहरूले चाहेमा सञ्चालन गर्न सक्नुहुन्छ,' पोखेलले भने, 'अहिले मोबाइल बैंकिङ र अनलाइन यसपटक बैंकहरुले आईटी सेवालाई नियमित राख्ने र शाखालाई सीमित रुपमा मात्रै सञ्चालन गर्ने नीति बनाएका छन् । राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले अनलाइन कारोबार गर्ने ट्रेन्ड व्यापक रहेकोले शाखा खोल्नैपर्ने अवस्था नभएको भन्दै अनलाइन कारोबारलाई सुचारु गरेर सीमित शाखा सञ्चालन गर्ने नीति लिइएको बताए । जसअनुसार अब बैंकहरुले अब दसैं बिदामा दिइने सेवाबारे आफू अनुकूल निर्णय गर्न सक्नेछन् ।

# हटियागोला डिपोमा १५ महिनादेखि चामल अभाव

झापा(प्रस) । संखुवासभा जिल्लाको उत्तरी क्षेत्र भोटखोलामा रहेको हटियागोला खाद्य डिपोमा चामल अभाव भएको छ । वार्षिक खाद्यान्न कोटा पाँच सय क्विन्टल मात्र भएकाले स्थानीयले अनुदानको चामल पाउन सकेका छैनन् । खाद्य डिपोमा १५ महिनादेखि चामल अभाव भएको हो ।
खाद्य व्यवस्था तथा व्यापार कम्पनीले अनुदानको चामल प्रशासनिक प्रक्रिया समयमा पूरा नहुँदा आपूर्ति गर्न नसकेको जनाएको छ । हटियागोला खाद्य डिपोमा गत वर्षदेखि चामल अभाव हुँदा समस्या भएको भोटखोला गाउँपालिका अध्यक्ष वाङ्छेदर भोटेले बताए ।
जिल्ला प्रशासन कार्यालयमार्फत



प्रादेशिक खाद्य व्यवस्था तथा व्यापार कम्पनी विराटनगर र केन्द्रीय कार्यालय काठमाडौँलाई पत्राचार गरिएको भए पनि चाडबाडको समयमा समेत हटियागोला खाद्य डिपोमा चामल नआएको गाउँपालिका अध्यक्ष भोटेले गरे । डिपोमा चामल अभाव भएको र किमाथाङ्कानाका सीमापारिको चीनको चाँगामा पहिराका कारण नाका बन्द हुँदा भोटखोलावासीलाई थप समस्या भएको अध्यक्ष भोटेले बताए ।
भोटखोला गाउँपालिकाका अधिकांश नागरिक खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुका लागि सीमावर्ती चिनियाँ बजार चाँगा र देन्दाङमा निर्भर रहँदै आएका छन् ।
चीनको चाँगामा पहिरो खसेका कारण असोज १२ गतेदेखि आवागमनमा रोक लगाइएको हो । सदरमुकाम खाँदबारीमा एक हजार पाँच सय क्विन्टल र उत्तरी क्षेत्र भोटखोलामा पाँच सय क्विन्टलको कोटा तोकिएको छ ।

# डाइभर्सन बनेपछि हेवा खोलामा यातायात सुचारु

झापा(प्रस) ।बाढीले बेलिब्रिज बगाएपछि असोज १२ गतेदेखि आवागमन ठप्प भएको मेची राजमार्गस्थित हेवा खोलामा बुधबार



बिहानदेखि आवागमन सुरु भएको छ ।
सडक डिभिजन इलामले डाइभर्सन निर्माण गर्ने काम सकेसँगै हेवा खोलामा सवारी र ढुवानीका साधन तर्न थालेका हुन् । मेची राजमार्ग अन्तर्गत पाँचथरको फिदिम नगरपालिका -४ र हिलिहाङ गाउँपालिका -७ लाई सिमाना छुट्र्याएर बग्ने हेवा खोलामा गतवर्ष मात्र निर्माण गरिएको बेलिब्रिज असोज १२ गते आएको बाढीले बगाएको थियो ।
बेलिब्रिज बगेपछि मेची राजमार्गको फिदिम ताप्लेजुङ सडक ठप्प भएको थियो । दसैंको मुखमै खोलाबाट सामग्री तारेर लैजान नसक्दा हेवा पारिको पाँचथरसँगै ताप्लेजुङ जिल्लामा खाद्यान्न र उपभोग्य वस्तु अभाव हुन थालेको थियो ।

असोज १४ गते डाइभर्सन गर्न थालेको सडक डिभिजनले ढिलागरी निर्माणकार्य सम्पन्न गरेको थियो । चार दिनअघि नै काम सक्ने भने पनि ह्युमपाइप पूरा नआउँदा काममा ढिलाइ भएको सडक डिभिजन प्रमुख पवन भट्टराईले बताए । डाइभर्सनको काम सकिएलगत्तै हेवा खोला वारी पारी रोकिएका साधन आफ्नो गन्तव्यमा लागेका छन् ।

## लिंकनका नानीबाबुलाई मन्त्री कार्कीले टीका र जमरा लगाइदिए

बिर्तामोड(प्रस) ।झापाको बिर्तामोड ३ मा सञ्चालित लिंकन मन्टेश्वरी स्कुलले बडादशैंको शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।बुधवार बिद्यालयमा कोशी प्रदेशका खानेपानी सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीको प्रमुख आतिथ्यमा बालबालिकासँग शुभकामना आदान-प्रदान गरिएको हो ।

कार्यक्रममा मन्त्री कार्कीले विद्यालयमा अध्ययनरत साना-साना बालबालिकालाई टीका र जमरा लगाइदिएर आशीर्वाद दिएका थिए । मन्टेश्वरी माध्यमबाट अध्ययन हुने सो बिद्यालयमा हाल ४० जना बालबालिकाहरु अध्ययनरत र ७ शिक्षिका रहेका बिद्यालयका सञ्चालक सरोज पौडेलले जानकारी दिए ।
कार्यक्रममा बिर्तामोड-१ का वडाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद पाण्डे, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख गणेश पौडेल, हिसान झापा सचिव देबेन्द्र हुमागाई, प्याब्सन बिर्तामोड नगर अध्यक्ष उत्तम खनाल, नगर सचिव सुरेन्द्र खरेल, बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष दिनेश ओझा, कन्चन अंग्रेजी माबिका प्रधानाध्यापक दीपक चम्लागाँई, लेखक तथा पत्रकार तीर्थराज सिग्देललगायतको उपस्थिति रहेको थियो ।

## काठमाडौँ उपत्यकाबाट दैनिक एक लाख यात्रु बाहिरिँदै

झापा(प्रस) ।काठमाडौँ उपत्यकाबाट बडादसैँ मनाउन दैनिक एक लाखको



हाराहारीमा मानिस बाहिरिन थालेका छन् । काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका नायब उपरीक्षक रवीन कार्कीका अनुसार उपत्यकाबाट बाहिरिने चारवटै नाकामा सवारीसाधन र यात्रुको चाप बढेको छ । तीन दिनदेखि दैनिक एक लाखको हाराहारीमा यात्री उपत्यकाबाट बाहिरिरहेको बताउँदै उनले भने, "आइतबार र सोमवारको तुलनामा मंगलवार र बुधवार यात्रा गर्नेको संख्या बढेको छ ।" दैनिक सरदर ३० हजार मानिस राजधानी प्रवेश गरेका छन् ।
नायब उपरीक्षक कार्कीले बसपार्क, कलङ्की, बल्खु, कोटेश्वर र सीतापाइलामा सवारी र यात्रीको बढे पनि गत वर्षको दसैंमा जस्तो नाका पार गर्न घण्टौं प्रतीक्षा गर्नु नपर्ने जानकारी दिए । हाल अरनिको राजमार्ग, त्रिभुवन राजपथ, पृथ्वी राजमार्ग र दक्षिणकाली-हेटौंडा र कान्ति राजमार्ग भएर यात्रीहरू आफ्ना गन्तव्यतर्फ प्रस्थान गरेका छन् ।




प्रतिदिन वर्गीकृत विज्ञापन




सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** आज शुभ कार्यको चर्चा चल्नेछ । आफन्तबाट साथ र सहयोग पाइनेछ ।

**मिथुन** आज अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ । कामको गति पनि सुस्त हुनेछ ।

**कर्कट** आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**सिंह** लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

**कन्या** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।

**तुला** आज पढाइमा बाधा आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**वृश्चिक** आज विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । रचनात्मक काममा जुट्ने समय छ ।

**धनु** आज शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

**मकर** आज शुभकार्यको चर्चा चल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

**कुम्भ** आज राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्छ ।

**मिन** आज मनोरञ्जनमा सहभागी भइएला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।